जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन
## साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक ५ २०७९ साल भदौ ५ गते आइतवार (21 Aug 2022 Sunday) मूल्य रु. ७/-

बचत गर्दा ध्यान दिऔं।

सहकारीलगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?
त्यसो हो भने,
- त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं।
- बढी ब्याजको लोभमा नफसौं।
- ब्याजको लोभमा साँवासमेत नगुमाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : वर्तमान सन्दर्भमा जन्माष्टमीको ... पृष्ठ ४ मा : महँगो चुनाव लोकतन्त्रका ... पृष्ठ ५ मा : रिजविराजमा यातायात ... पृष्ठ ५ मा :विश्वभरी कोरोना संक्रमितको ...

# सामाजिक संजालमार्फत धमाधम उम्मेदवारी घोषणा हुँदै



**राजविराज**/मंसिर ४ गते हुने भनिएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि राजनीतिकदलहरुले अधिकारिक रुपमा उम्मेदवारको टुगो नलगाए पनि सप्तरीमा दर्जनौ आकांक्षीले आ-आफ्नै स्तरबाट उम्मेदवारी घोषणा गर्न थालेका छन्।

उम्मेदवारका आकांक्षीले यसरी उम्मेदवारी घोषणा गर्दा केही स्वयमले त कोही समर्थकको प्रयोग गरि सामाजिक संजालमार्फत यस्तो पोष्ट गर्न थालेका छन्।

शनिवार सम्ममा समाजिक संजाल फेसबुक मार्फत उम्मेदवारी घोषणा गर्नेको संख्या ४ दर्जन भन्दा बढी पुगेको छ। यसरी उम्मेदवारी घोषणा गर्नेहरुमा बहालवाला सांसददेखि २०७४ को निर्वाचनमा पराजित भएको, स्वतन्त्र भई चुनाव लडेको तथा पहिलो पल्ट चुनाव लड्ने तयारी गरेका नयाँ अनुहार पनि छन्।

अहिलेसम्म जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले मात्र आफु पार्टीको अधिकारिक निर्णयअनुसार नै गृह जिल्ला सप्तरीको निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्य पदको उम्मेदवार बन्ने प्रस्ट पारेका छन्। उनले रोजेको निर्वाचन क्षेत्रबाट अघिल्लो चुनावमा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले जितेका थिए। अध्यक्ष यादव यस पल्ट सोही क्षेत्रबाट चुनाव लड्ने/नलड्ने अहिलेसम्म अनिश्चित नै छ।

जनमत पार्टीले (एक निर्वाचन क्षेत्रमा) बाहेक अन्य कुनै पनि राजनीतिक दलको भने अहिले सम्म उम्मेदवारको टुगो लागेको छैन।

यता दलका नेता र कार्यकर्ताबीच आधिकारिक उम्मेदवार बन्न चर्को प्रतिस्पर्धा चलिरहेको छ। मुख्य ठूला दल मात्र होइन स-साना दलहरु भित्र पनि उम्मेदवारको दावेदारीसँगै

*बाँकी अन्तिम पृष्ठमा*

# जसपा मधेश प्रदेश बौद्धिक पेशाकर्मी संगठनको संयोजकमा खड्गा

**राजविराज**/जनता समाजवादी पार्टी नेपाल बौद्धिक पेशाकर्मी संगठन मधेश प्रदेश समितिको संयोजकमा जितेन्द्र खड्गालाई मनोनयन गरिएको छ।

पार्टीको मधेश प्रदेश समितिका मुख्य सचिव दिनेश कुमार यादवद्वारा हस्ताक्षरित पत्रमा साउन ३१ गते बसेको समितिको बैठकबाट सो निर्णय गरिएको जनाइएको छ।

खड्गा नेपाल पत्रकार



महासंघ सप्तरीका निर्वतमान सभापति तथा वर्तमान कार्यसमितिका सल्लाहकार समेत हुन्।




भर्ना खुल्यो! भर्ना खुल्यो!!

विगत १४ वर्ष देखी संचालन हुदै आएको
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ।
फारम भर्ने अन्तिम मिति : २०७९ भदौं ९ गते सम्म।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खूल्यो। भर्ना खूल्यो॥ भर्ना खुल्यो॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।
**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था।
- औषधी पसलको लाइसेन्स लिन पाउने।
- OJT को विशेष व्यवस्था भएको।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/५/९
प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

# सूर्तिजन्य पदार्थ विरुद्ध ठोस नीति आवश्यक

नेपालमा सूर्तिजन्य पदार्थ सेवन गर्नेको संख्या उल्लेख्य रहेको छ । यसको सेवनबाट भयावह रोग लाग्ने र मृत्यु हुन सक्ने तर्फ सरकारले विभिन्न चेतनामुलक कार्यक्रमबाट जानकारी दिईरहँदा पनि यसको सेवनकर्ताको संख्यामा कमी आउन सकेको छैन । सूर्तिजन्य पदार्थको सेवन अचेल स्कूली छात्रहरुले समेत गर्न थालेका छन् । सूर्तिजन्य पदार्थमा उल्लेख्य मात्रामा कर वृद्धि गर्ने हो भने यसको सेवनमा कमी आउने एव अध्ययनले देखाएको छ ।

नयाँ पुस्ता अर्थात् युवामा सूर्तिजन्य पदार्थको पहुँच कम हुँदा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार आएको प्रतिवेदनले देखाएको छ । पछिल्लो समयमा नसर्ने रोग अन्तर्गत सूर्तिजन्य पदार्थ सेवन आफैं गम्भीर रोगका रुपमा विकसित हुँदै गएको छ । यसको सेवनले शरीरका प्रत्येक कोषमा असर पुऱ्याउँछ । क्यान्सर, रक्तचाप, क्षयरोग, निमोनिया, मस्तिष्कघात, हृदयघात जस्ता रोगका प्रमुख कारक तत्वका रुपमा सूर्तिजन्य पदार्थ विकसित भइरहेको छ । अध्ययनका अनुसार नेपालमा प्रत्येक दिन ४२ देखि ६८ जना तथा वर्षमा १६ हजारदेखि २५ हजार जनासम्मको अकालमा मृत्युको प्रमुख कारण सूर्तिजन्य पदार्थ सेवन नै भइरहेको देखिएको छ ।

अहिलेसम्म नेपालको यस्तो करमा २८ प्रतिशत भन्दा माथि पुऱ्याउन सकेको छैन । सूर्तिजन्य पदार्थको उत्पादनमा नै प्रतिबन्ध लगाउन सकिएमा जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने थियो । तसर्थ त्यसतर्फ सरकारले बेलैमा गम्भिर र ठोस कदम चाल्नु आवश्यक देखिन्छ ।

# वर्तमान सन्दर्भमा जन्माष्टमीको अर्थ

**सुनिता गाइसी**

हिन्दु धर्ममा भगवान् श्रीकृष्णको विशेष महत्त्व छ । श्याम वर्णका अत्यन्तै प्रभावशाली व्यक्तित्वका धनी श्रीकृष्ण बाँसुरी बजाएर सारा जगत मन्त्रमुग्ध पार्दथे । उनको मुस्कानमा हर्ष, मनको सौन्दर्य र सौम्यको अद्भुत सङ्गम पाइन्छ ।



कालो, घुम्रिएको कपालमा मयूरको प्वाँख सजिएको हुन्छ । यो आकर्षक व्यक्तिले सारा जगतलाई मोहनी लगाएको छ । श्रीकृष्णलाई गोविन्द, कान्हा, कन्हैया, मुरली मनोहर, श्यामसुन्दर, मखनचोर इत्यादि विभिन्न नामले पुकारिन्छ ।

कृष्णको नाम कृष अर्थात् कर्षण शब्दबाट बनेको छ । खनजोत गरी बाली लगाउने कामलाई कर्षण भनिन्छ । नेपाल कृषि प्रधान देशको प्रतीक कृष्णलाई मानिन्छ । कृष्ण गाईपालक किसानसँग सम्बन्धित रहेको कुरा पनि शास्त्रहरूमा उल्लेख गरिएको पाइन्छ ।

नेपालमा पहिलो पल्ट शासन गर्नेहरू गोपाल वंशका थिए भन्ने इतिहासमा पाइन्छ । नेपाल उपत्यकाको विकासको सन्दर्भ हेर्दा पनि कृष्णले नै उपत्यकाको पानी सुदर्शन चक्रले काटी चोभारको गल्छीबाट बाहिर पठाएर बस्ती बस्न योग्य भएको बताइन्छ ।

उनका साथमा आएका ग्वालाहरूले शासन गर्न थाले भन्ने इतिहासमा चर्चा गरिएको छ । यसरी नेपालको इतिहासमा कृष्णलाई विशेष महत्त्वका साथ लिइन्छ । कृषि, अर्थव्यवस्था वेद, पुराण, साहित्य सबैमा सर्वाधिक चर्चित विलक्षण र बहुरङ्गी व्यक्तित्वका रूपमा भगवानसरी पुजिन्छ ।

विशेषगरी भाद्र कृष्णपक्षको अष्टमी तिथिलाई कृष्ण जन्माष्टमीका रूपमा भव्यताका साथ मनाइने गरिन्छ । यसै दिन देशभरका विभिन्न कृष्ण मन्दिरमा भक्तजनको भीड लाग्ने गर्दछ । विशेषगरी यस दिन पाटनको कृष्ण मन्दिरमा विशेष मेला लाग्ने गर्छ । यसै दिन छिमेकी मुलुक भारतको मथुरा, वृन्दावन, द्वारिका आदि क्षेत्रमा विशेष मेला लाग्छ ।

श्रीकृष्ण नृत्य, गीत, भजनमा मात्र सीमित छैनन्, उनी एक कुशल राजनीतिज्ञ पनि मानिन्छन् । हस्तिनापुर र कुरुक्षेत्रमा कौरव र पाण्डवहरूको बीचमा सन्धि गराउन खोज्ने शान्तिदूत श्रीकृष्णको कथनलाई दुर्योधनले नमानेपछि नै महाभारतको युद्ध भएको थियो । श्रीकृष्णले युद्ध अगावै अर्जुनमा उत्पन्न मोहलाई अन्त्य गरी युद्धमा सामेल गराएका थिए ।

आफ्नै दाजुभाइ बीचको युद्धमा हार र जित एकै हो भन्ने अर्जुनको धारणलाई श्रीकृष्णले परिवर्तन गरी दिएका थिए । श्रीकृष्ण आफू जगत पुरुष भए पनि अर्जुनको मनोबल बढाउन एक सामान्य सारथिका रूपमा रण मैदानमा देखा परेका थिए । उनका अनुसार काम ठूलो सानो कहिल्यै हुँदैन । सबै काम समान र उत्तिकै महत्त्व बोकेका हुन्छन् भन्ने भाव पनि यसैबाट झल्किन्छ । श्रीकृष्णका अनुसार धर्मको रक्षार्थ मानिसले परिस्थिति हेरेर जुनसुकै कदम पनि उठाउन पनि तयार हुनुपर्दछ भनी अर्जुनलाई उपदेश दिएका थिए ।

यो प्रसङ्गलाई वर्तमान सन्दर्भमा हेर्दा यो विकराल परिस्थितिमा एकातिर कोभिड १९ ले जनता त्रसित छन् भने अर्कोतिर बाढी पहिरो प्राकृतिक प्रकोपले जनता घरबारविहीन भइरहेका छन् । यस्तो विषम परिस्थितिमा शासक वर्गले सामान्य जनताको गाँस, बासको जिम्मेवारी लिनुपर्ने हो तर बाघको छालामा स्यालको रजाइँ भनेजस्तो गरी जनताको पीर, मर्का एकातिर सत्ताधारीहरू आफ्नै तालमा नाचिरहेका देखिन्छ ।

श्रीकृष्णको जन्मको सन्दर्भलाई केलाउँदा कंश वधको प्रसङ्ग पनि जोडिएर आउँछ । अत्याचारी र क्रूर कंशको पञ्जाबाट सोझ्रासीधा जनतालाई जोगाउने काम पनि श्रीकृष्णले गरेका छन् । कंशको बध गरेपछि मथुराको राजगद्दीमा उग्रसेनलाई राखी राजा बनाए । यसरी सत्ता र शक्तिको मोह पनि श्रीकृष्णमा नरहेको प्रमाणित हुन्छ ।

श्रीकृष्णलाई विभिन्न उपनामले चर्चा गरिन्छ । त्यसमध्ये पनि मखनचोर पनि एक हो । कृष्णले दूध, दही, मखन चोरेर खाइदिने र आफ्ना साथीहरूलाई पनि खुवाउने कार्य गर्दथे । यो सब उनले अत्याचारी कंशकामा दही, दूध मखन नपुगोस् भनी यसो गरेका थिए ।

श्रीकृष्णको चर्चा गर्दा राधाको नाम पनि जोडिएर आउने गर्दछ । वास्तवमै संसार प्रेम, माया मोहले चलेको छ । जहाँ जहाँ कृष्ण पुजिन्छन्, त्यहाँ राधा पनि सँगै पुजिँदै आएकी छन् । कृष्णको प्रेममय लीलाको चर्चा गर्दा गोपिनीहरूसँगको लीलाको पनि चर्चा गरिएको छ ।

श्रीकृष्ण सांसारिक गृहस्थीका परमभोगी मात्र हैनन् त्यागी, साधु, संयमित व्यक्तित्व पनि हुन् । उनले सामाजिक, धार्मिक र सांस्कृतिक पक्षहरूको पनि राम्रो विश्लेषण गरेका छन् । उनले गरिब, दुःखी र निरीह प्राणीको उद्धार गर्ने कार्य पनि गरेका छन् । चाहे सुदामाको कनिका होस् या दीनहीन दलित मानव जाति सेवा वा निरीह पशु जातिको सेवा । जुनसुकै अवस्थामा पनि उनले सेवा भावले सबै प्राणीको हित र उन्नतीका बारेमा विभिन्न कार्य गरेका छन् ।

श्रीकृष्णलाई अति चञ्चल मानिन्छ तर कृष्ण उतिकै धैर्यवान् पनि मानिन्छ । उनले गोपिनीहरूसँग प्रेमका गीत मात्र गाएका छैनन्, गरिब गोठालाहरूसँग पनि बाँसुरी बजाएका छन् । उनले दीनहीनको रक्षार्थ गोवर्धन पर्वत पनि उठाए । हरेक समय गरिब, दुःखीहरूका बारेमा सेवारत रहेका श्रीकृष्णको महिमाबाट आजका शासक वर्गले सिक्नु जरुरी देखिन्छ ।

साधारण जनता मृत्यु शय्यामा रहँदा पनि आफ्नो स्वार्थका बारेमा मात्र हरदम लाग्ने शासक वर्गले अबेला हुनु अगावै बिउँझनु जरुरी छ । गीता गायक कृष्णले प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्वको विकास आफैँले गर्नुपर्ने कुरा सिकाएका छन् भने विश्वलाई समताको पाठ पनि पढाएका छन् । जब जब संसारमा पापीहरु बढ्छन् तब तब तिनीहरूको नाश गरी जनताको रक्षा गर्न भगवान् कृष्णको जन्म हुने कुरा गीतामा उल्लेख छ ।

मानिस जति नै आधुनिक भएको देखाए पनि आफ्नो धर्म, संस्कृति र संस्कारलाई आत्मसात गरिरहेको हुन्छ किनकि हाम्रा धर्म संस्कृतिले जीवन जिउने कला बोकेको छ । हरके चाडपर्व जात्राले हामीमा एक ऊर्जा थप्ने कार्य गरेको हुन्छ । यसले गर्दा हाम्रा हरेक पर्व, जात्राहरू विशेष रहेका हुन्छन् । आजको यो कृष्ण जन्माष्टमीले पनि हरेको मनमा सकारात्मक सोचको विकास गराओस् । साथै आफू पनि बाँचौं र अरूलाई पनि बचाउ भन्ने भावनाको विकास होस् ।

रातोपाटीबाट


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था

रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।

आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।

विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।

प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।

नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।

उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।

सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।

सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।

सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।

व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।

कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।

सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।

त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**

**राजविराज ९ मलेठ, सप्तरी**

**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# धूम्रपान सेवनकर्ताहरुलाई मात्र हैन छेउछाउ बस्नेलाई पनि ज्यादै खतरनाक

**खिम लामिछाने काजि**

विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार धूम्रपान धुवाँ मात्र नभएर सुर्तीजन्य पदार्थको सेवन र दुर्व्यसन हो । धूम्रपान गर्ने व्यक्तिले फालेको धुवाँ हावामा उसको वरपर रहेको व्यक्तिले लिनुलाई निष्क्रिय धूम्रपान, प्यासिब स्मोकिङ तथा दोस्रो स्तरको धूम्रपान भनिन्छ । धूम्रपानले विश्वमा प्रत्येक ६ सेकेण्डमा १ जनाको मृत्यु, प्रत्येक घण्टामा ६ सय ८४ जनाको, प्रत्येक दिन १६ हजार ४ सय ३८ जनाको मृत्यु र प्रत्येक वर्ष ७० लाख मानिसको मृत्यु हुने गर्दछ । जसमध्ये १० प्रतिशतको अप्रत्क्ष धूम्रपानबाट मृत्यु हुने गरेको तथ्यांकले देखाएको छ ।

नेपाल विकास अनुसन्धान प्रतिष्ठानको अध्ययन अनुसार प्रत्येक वर्ष नेपालमा सुर्तीजन्य पदार्थको सेवनले २७१ हजार एक सय सैतिस जनाको मृत्यु हुने गरेको छ । जसमा प्रतिघण्टा ३ जनाको दरले मृत्यु भइरहेको छ । विश्व स्वास्थ्य संगठन लगायतका अन्य विभिन्न सर्वेक्षणहरुले सुर्तीजन्य पदार्थ सेवन गर्नेहरुमा कोभिड १९ ( कोरोना) भाईरसको उच्च जोखिम रहेको तथ्य देखाएको छ ।

चुरोटबाट निस्कने धुवाँमध्ये २५ प्रतिशत धूम्रपान गर्ने व्यक्तिले लिने र ७५ प्रतिशत हावामा फाल्ने हुँदा निष्क्रिय धूम्रपानकर्ता यसको शिकार भई रहेका छन । एक अध्ययन अनुसार हावामा फालिएको धुवाँमा धूम्रपान गर्ने व्यक्तिले तानेको धुवाँमा भन्दा दुई गुणा निकोटिन, तीन गुणा कार्बन (टार), पाँच गुना भन्दा बढी कार्बनमोनोअक्साइड र ५० गुणा भन्दा बढी क्यान्सरजन्य रसायनहरू हुन्छन । यसबाट निष्क्रिय धूम्रपानकर्तामा झन धेरै धूम्रपान सम्बन्धी प्राणघातक रोग लाग्ने जोखिम रहेको हुन्छ । एक खिल्ली चुरोट करिब १२ मिनेटसम्म बल्छ भने चुरोट पिउनेले एक मिनटमा दुई सर्को मात्र तान्छ । विश्व स्वास्थ्य संघगठनको सर्वेक्षणमा मुलुकको ८२ प्रतिशत घरमा न्युनतम एक व्यक्तिले धूम्रपान गर्ने गरेको पाइएको छ भने त्यसमा १२ प्रतिशत व्यक्ति १० वर्षको उमेर नपुग्दै सुर्तीजन्य बस्तुको सेवन सुरु गर्ने गरेका छन । ७१ प्रतिशत भन्दा बढी महिला, ८५ प्रतिशत भन्दा बढी पुरुषले कुनै न कुनै रुपमा सुर्तीजन्य पदार्थको सेवन गर्ने गरेको सर्वेक्षणले देखाएको छ ।

श्रीमानले गरेको धूम्रपानबाट उसको श्रीमती तथा सम्पूर्ण परिवारलाई नै असर पार्दछ । यदि श्रीमती गर्भवती छन् भने गर्भमा रहेको भ्रूणलाई समेत घातक असर पुऱ्याएको हुन्छ । चुरोट पिउने गर्भवतीबाट तौल कम भएको बच्चा जन्मने, जन्मेको केही दिनमै मर्न सक्ने, बच्चाको वृद्धि विकास रोकिने र कसै-कसैमा मृत बच्चा जन्मने हुन सक्छ । धूम्रपान सेवक अभिभावकका छोराछोरीमा पटक-पटक रुघाखोकी, ब्रोङकाइटिस, निमोनियाजस्ता छातिका रोगहरूबाट संक्रमित हुने सम्भावना बढी रहन्छ । बालकहरू ख्याउटे, रुन्छे, कान पाक्ने, कान नसुन्ने, अपाङ्ग तथा विकलाङग जन्मिने हुन सक्छ । साथै अम्मलीको दाँतमा समस्या भइरहने श्वासमा दुर्गन्ध आउने भइरहन्छ ।

धूम्रपानको इतिहास केलाउँदा सन १५५६ मा फ्रान्समा, सन् १५५८ मा पोर्चुगलमा र सन १५५९ मा स्पेन र सन १५६५ मा बेलायतमा कुल्फी (पाइप) मा राखेर खाने सुर्तीको उत्पादन भयो । सन् १८६५ मा वासिङ्टन ड्युकले अमेरिकाको नर्थ क्योरोलिनामा ३०० एकड जमिनमा यसको व्यावसायिक खेती सुरु गरेका थिए । 'सिभिल वार'मा संलग्न सेनालाई कागजमा सुर्ती बेरेर हातैले तयार गरेको चुरोट बिक्री गर्ने उदेश्यका साथ यसको खेती सुरु गरिएको थियो । सन १८८१ मा जेम्स बोन्स्याकले चुरोट उत्पादन गर्ने मेसिनको आविस्कार गरेपछि हातले बेरिएको चुरोट हराउन थाल्यो । सिभिल वारमा संलग्न सेनाले नै चुरोटलाई बेलायतसम्म भित्र्याए । बेलायतले भारतलाई उपनिवेश बनाएको बेलामा नै हिन्दूस्तान हुँदै चुरोट नेपाल भित्रियो ।

नेपालमा सन १९६५ मा तत्कालीन सोभियत संघ ( रुस) सरकारको सहयोगमा जनकपुरमा चुरोट कारखाना खुलेपछि भारतबाट भित्रने बिँडी र चुरोटमा कमी आई जनकपुर चुरोट कारखानाबाट उत्पादित चुरोट प्रिय बन्यो । यो कारखाना बन्द अघि प्रयोग हुँदै आएको तमाखु तथा हुक्का तान्नेले पनि चुरोट नै प्रयोग थालेको पाइन्छ ।

बिसौं शताब्दीमा १ करोडलाई मृत्युवरण गराइसकेको धूम्रपानले २१औं शताब्दिमा १ अर्ब व्यक्तिलाई मार्नेछ । त्यस्तै निस्क्रिय धूम्रपानबाट वार्षिक ६ लाख बढीको मृत्यु भइरहेकोमा एक चौथाई बालबालिका छन् । धूम्रपानका कारण नेपालमा दैनिक ६७ जनाले ज्यान गुमाउने गर्दछन् । मृत्यु हुनेमा ३ भाग पुरुष र २ भाग महिला छन् ।

एकल रोगभन्दा बढी मृत्यु कारक रोग निम्त्याउने धूम्रपानले २५ किसिमका रोगहरूको लाग्न सहयोग गर्दछ । २ तिहाइजति क्यान्स रोग धूम्रपानबाट नै लाग्ने गरेको तथ्य सार्वजनिक भइसकेको छ । सुर्तीजन्य सेवनले असर नपार्ने शरीरको कुनै तन्तु नै छैनन् ।

धूम्रपानले स्वास्थ्यमा प्रतिकुल असर मात्र पार्दैन, प्राणघातक रोगहरू र क्यान्सर लगाउनुका साथै आर्थिक, सामाजिक, वातावरणीय र अन्य विभिन्नरुपमा अतुलनिय क्षति पारिरहेको छ । मानिसलाई कंगाल र समाज तथा राष्ट्रलाई कङ्गाल बनाइरहेको छ । सार्वजनिक स्थलमा धूम्रपान गर्नेले आफूलाई मात्र नभइ आफ्नो नजिक बस्ने जो कोहीलाई समेत लामो समयसम्म कष्ट दिई, तड्पाइ-तड्पाइ मार्ने प्रयास गरिरहेको हुन्छ । अमेरिकामा गरिएको एक सर्वेक्षणका अनुसार हरेक वर्ष धूम्रपान नगर्ने तर धूम्रपान गर्ने व्यक्तिको नजिकै बस्ने सात हजार व्यक्तीहरुको मृत्यु फोक्सोको क्यान्सरले भएको थियो । क्यालिफोर्निया प्रोटेक्सन एजेन्सीले २००५ मा गरेको अध्ययन अनुसार स्तन क्यान्सरमध्ये ७० प्रतिशत महिलाहरु धूम्रपान गर्ने व्यक्तिको नजिकै बस्ने गरेका थिए ।

विश्व स्वास्थ्य संगठनका अनुसार ६ लाख व्यक्तिहरु हरेक वर्ष चुरोट पिउने व्यक्तिको नजिकै बस्नेहरुले अकालमा ज्यान गुमाउन बाध्य छन् । उनीहरुको मुटुको रोग, दम, सिओपिडि, क्यान्सरको कारणले मृत्यु भएको थियो ।

ब्रिटिश लिभर फाउण्डेशनका सल्लाहकार डा निक हपकिन्सनका अनुसार बच्चा अवस्थामा निष्क्रिय धूम्रपानको प्रभावमा परेपछि जीवनभर मुटुको रोग, उच्च रक्तचाप, क्यान्सर जस्ता दीर्घरोग लाग्ने सम्भावना रहिरहन्छ । दक्षिण पूर्वी एसीयाली क्षेत्रमा सुर्तिजन्य पदार्थको सेवनले हरेक वर्ष १२ लाख मानिसको मृत्यु हुन्छ भने नेपालमा ३१ प्रतिशत मानिसहरु सुर्तिजन्य पदार्थको सेवनले मृत्यु हुने गरेको तथाङ्कले बताउँदछ । जसमा ६ प्रतिशत व्यक्तिहरु अप्रत्यक्ष वा निस्कृय धूम्रपानको कारणले मृत्यु हुने गर्दछ ।

धूम्रपानमा सयौ त्यस्ता बिषाणु रसायनिक तत्वहरु जस्तै बेन्जिन, क्याडियम, लिड, रेडियोएक्टिभ पोलोनियम, बेन्जोप्यायरिन, एमोनिया, कार्बन मोनोक्साइड, निकोटिन तथा अन्य हानीकारक तत्वहरु हुन्छन् । जसले मानब शरीरलाई हानी मात्रै गर्दैन विभिन्न रोगहरु समेत निम्त्याउँछ । धूम्रपान तथा निस्कृय धूम्रपान (प्यासीब स्मोकिङ)को करणले घाँटी र स्वरयन्त्रमा क्यान्सर हुने, मस्तिस्कमा समस्या, पेट, मुत्रनली, स्तन आदिमा क्यान्सरको जोखिम बढाउँछ । त्यसैगरी धूम्रपान गर्ने ब्यक्तिको नजिकै बस्ने बच्चाहरु लिम्फोमा, ल्युकेमिया, कलेजोमा क्यान्सर, ब्रेन ट्युमर आदि जस्ता खतरानाक रोगहरु लाग्न सक्दछ ।

सरकारले २०६८ साल साउन २२ गतेदेखि लागु गरेको सुर्तिजन्य पदार्थ तथा धूम्रपान नियन्त्रण ऐन अहिलेसम्म प्रभावकारी रुपमा कार्यान्वयनमा आएको छैन । ऐन कार्यान्वयन गर्ने प्रश्नमा न त स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले न कुनै अनुगमन नसमिति नै बनाएको छ न त धूम्रपान गर्नेहरुको आनी बानीमा सुधार आएको छ । त्यसोत, सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन ऐन २०६८ मा सार्वजनिक स्थानमा कसैले धूम्रपान गरेमा दण्ड जरीवानाको व्यवस्था छ । प्रचलीत ऐन अनुसार १८ वर्ष भन्दा मुनिका व्यक्तिले सुर्तीजन्य पदार्थ बेचविखन गर्न नपाउने चुरोटका खिल्ली बिक्री वितरण गर्न नपाईने, सार्वजनिक स्थलभन्दा १ सय मिटर टाढा मात्र सुर्तीजन्य पदार्थ बिक्री गर्न पाइने, सुर्तीजन्य पदार्थ सम्वन्धी सचेतनामुलक सूचना हरेक सार्वजनीक निकायको परिसरमा टास्नु पर्ने हुन्छ । तर, अहिलेसम्म न त कुनै सार्वजनिक स्थानमा जानकारीमुलक सन्देशहरु टाँसिएको छ न त सार्वजनिक स्थानमा धूम्रपान गर्नेहरु माथि नै कारवाही भएको छ ।

केही वर्ष पहिले राजधानी शहरमा सार्वजनिक स्थलमा धूम्रपान गर्नेलाई दण्ड जरिवाना तिराइएको कुरा छापामा आएको भएता पनि उक्त महान कार्यले निरन्तरता पाउन नसक्नु सरकारकै कमी कमजोरी हो । सार्वजनिक ठाउँमा धूम्रपान गर्नु मर्यादा बिपरित, कानुन बिपरित कार्य हो । लज्जास्पद कुरा हो, एक प्रकारको जघन्य अपराध पनि हो ।

चुरोटमा गरिएको खर्च विदेश गइरहेको सन्दर्भमा तत्कालिन प्रधानमन्त्री श्री ३ पद्मशमशेरले चुरोटको प्रयोग बढ्दै गई देशको ठुलो रकम चुरोटमा खर्च हुन जाँदा चुरोटको सट्टा तमाखु सेवन गर्न देशबासीका नाममा सन्देश जारी गरेका थिए ।

पहिले म पनि दिनमा ५०-६० वटा चुरोट खान्थेँ, मैले चुरोट खान एकदम छोडिदिएको तीन वर्ष भयो त्यसपछि मैले बरोबर तमाखु खाने गरेको छु । चुरोट छोडेर तमाखु मात्र खाने गर्दा मलाई कुनै हानि भएको छैन । शरीरलाई पनि बहुतै हानि गर्ने चुरोट खराब अम्मल हो । यो अम्मललाई सकेसम्म एकैदिनमा छाड्न बेस, नसके अलिअलि घटाउँदै लगे बेस, जसरी हुन्छ सबैले यो लतलाइ छोड्न नै बेस छ । यो मेरो प्रार्थनालाई विचार गरेर तिमी सबैले पनि चुरोट छोड्ने चेष्टा गर्ने छौ भन्ने आशा गर्दछु। वि.सं २००४ आश्विन १० गते गोरखापत्रमा प्रकाशित देशवासीको नाममा श्री ३ पद्मपद्मशम्सेरको यो सन्देशले उतिबेलै चुरोट विदेशबाट झिकाउँदा ५०-६० लाख रुपैयाँ खर्च लाग्ने गरेको र देशलाई ठुलो आर्थिक धक्का पुग्न गएको देखिन्छ । यस्तो जनताको स्वास्थ्यमा प्रतिकुल असर गर्ने ज्यानमारा चुरोट तथा सुर्तीजन्य पदार्थमा बेचबिखन गर्न र सेवन गर्न गराउनमा रोक लगाउने प्रयाससम्म गरेको देखिँदैन । वास्तवमा श्री ३ पद्मशम्सेरले चुरोटको सट्टा तमाखु खाने गरेको भए पनि तमाखुलाई स्वास्थ्यवर्दक भने मानिँदैन । सुर्तीजन्य सबै खाले अम्मल स्वास्थ्यका लागि हानिकारक छन् ।

कोही रहरले कोही देखासिकीले त कोही शोख वा धाकधक्कु प्रकट गर्न पनि धूम्रपानको लतमा फसेको पाइन्छ । सुर्तीमा हुने निकोटिनले यसको लतमा फसेपछि उम्कन गाह्रो पार्छ । निकोटिनयुक्त सर्तीको प्रयोग प्राचीनकादेखि नै हुँदै आएको हो । सुर्तीबाट किटनासक औषधि तथा यसबाट निस्कने रङ्गलाई रोगनका रूपमा प्रयोग गरिन्थ्यो । स्वास्थ्य खबरबाट


## राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### मेलमिलाप केन्द्र गठन गर्ने सम्बन्धमा सूचना

मिति : २०७९/४/२९

उपरोक्त सम्बन्धमा यस राजविराज नगरपालिका न्यायिक समितिको मिति २०७९/३/१३ गते बसेको बैठकबाट भएको निर्णय तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ बमोजिम विवादमा मेलमिलाप माध्यमबाट विवाद निरुपण गर्ने प्रयोजनको लागि ऐ. ऐनको दफा ४९ (१०) बमोजिम सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र गठन गर्नु पर्ने भएकोले यो पत्र प्राप्त भएको मितिले पन्द्र (१५) दिन भित्र मेलमिलाप केन्द्र गठन गरि यस राजविराज नगरपालिका न्यायिक समितिमा जानकारी पठाई दिन हुन ब्यहोरा अनुरोध छ ।

**भोगेन्द्र प्रसाद यादव**
**प्रमुख प्रशासकीय अधिकृत**

# महँगो चुनाव लोकतन्त्रका लागि खतरा



आरसी लामिछाने

नयाँ सोच भएका युवालाई चुनाव लड्न आँट दिइरहेको छैन । किनभने युवासँग पैसा हुन्न । पैसा नहुनेले चुनाव जित्न सक्दैन भन्ने आमधारणा बनिसकेको छ । पैसाकै बलमा कतिपयले चुनाव क्षेत्र लालपूर्जा पास गरेर लिएजस्तो देखिन्छ ।

हामी भर्खरै स्थानीय तहको चुनाव सकेर संसदीय र प्रदेश स्तरीय चुनावको तयारीमा छौं । मङ्सिर ४ गते देश चुनावमा जाने निश्चित भैसकेको छ । यस सन्दर्भमा चुनावको विविध पक्षमा छलफल सुरु भएको छ । यो लेख सोही छलफलमा जोडिने एक प्रयास हो । प्रस्तुत लेखमा केही सैद्धान्तिक कुरा र केही निजी अनुभव समेटिएको छ । समाज परिवर्तनको सहज माध्यम, सत्ता परिवर्तन र हस्तान्तरणको विधि निर्वाचन हो । यसले महत्वपूर्ण सवालहरूको निकास पनि दिन्छ । निर्वाचनबाट खराब जनप्रतिनिधिलाई हराउन पनि मिल्छ । राजनीतिका प्रतिनिधिहरूलाई कानुनी मान्यता प्रदान गर्न र जनताको सम्प्रभुताको प्रयोग गर्न पनि चुनाव चाहिन्छ ।

विधिको शासन स्थापना गर्न, मतदाताको सार्वभौम मताधिकारको सुनिश्चितता गर्न निर्वाचन आवश्यक हुन्छ । निर्वाचन सम्पूर्ण शासन व्यवस्थाको मुटु हो । यसको शृंखला निष्पक्ष, स्वतन्त्र निर्वाचन, असल प्रतिनिधिको छनोट, असल कानुन हुँदै असल शासनसम्म पुग्ने बाटो हो । जुनसुकै शासन व्यवस्था टिकाइ राख्न पनि चुनाव चाहिन्छ । पटक पटकको निर्वाचनले सम्प्रभुता जनतामा रहेको तथ्यलाई पुनर्पुष्टि गर्छ ।

निर्वाचनले जनतालाई राजनीतिका रुपले प्रशिक्षित पनि गर्छ । निर्वाचनले एक व्यक्ति एक भोटको अभ्यासद्वारा समानताको सन्देश पनि दिन्छ । 'नेपाली क्रान्तिको कार्यक्रम : जनताको बहुदलीय जनवाद' पुस्तकको बुँदा नम्बर ४.६ को आवधिक निर्वाचन शीर्षकमा जननेता मदन भण्डारी भन्नु हुन्छ कि जनताले नै पनि एक पटक गरेको निर्णय सधैँका लागि शाश्वत हुन सक्दैन । त्यसकारण निश्चित अवधिमा आम निर्वाचन हुनुपर्छ ।

चुनावको अभ्यास युनानी राज्यहरुमा छैटौं शताब्दीदेखि नै सुरु भएको मानिन्छ । सन् १२१५ को म्याग्नाकार्टा, सन् १६८८ को बेलायतको रक्तपातविहीन क्रान्ति, सन् १७७५ को अमेरिकी स्वतन्त्रता संग्रामको घोषणापत्रले लोकतन्त्रको जग बसाले ।

नेपालमा २००७ सालको प्रजातन्त्र आउनुअघि नै नगरस्तरीय चुनाव भएको थियो । २०१५ सालमा १०९ स्थानको लागि प्रत्यक्ष चुनाव प्रणाली अर्थात् पहिलो हुनेले जित्ने प्रणालीमार्फत निर्वाचन सम्पन्न भएको थियो । उसो त २००७ देखि २०१५ साल बीचमा कर्मवीर महामण्डलले प्रजातन्त्रमा हुने आवधिक निर्वाचनको विरोध पनि गरेको थियो ।

सन् १९१० ताका चीनमा महिला नेताहरुलाई मताधिकार प्रदान गरिएको पाइन्छ । न्युजिल्यान्डले सन् १८९३ मा महिलालाई मताधिकार प्रदान गरेको थियो । सन् १९१८ मा बेलायतमा ३० वर्ष पुगेका महिलालाई मात्र मताधिकार दिइएको थियो ।

अमेरिकी संविधानको १९ औं संशोधनले सन् १९१९ बाट महिलालाई मताधिकार दियो । स्विट्जरल्यान्डले सन् १९६१ मा मात्रै पहिलोपटक महिलालाई मताधिकार प्रदान गरेको थियो । राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ को धारा १ ले महिलाहरुले कुनै पनि भेदभाव बिना पुरुष सरह सबै निर्वाचनमा मतदान गर्न पाउने, बिना कुनै भेदभाव पुरुष सरह निर्वाचनका लागि योग्य हुने विषयलाइ प्रत्याभूति गरेको छ ।

**केही आफ्ना अनुभव**

स्थानीय चुनावमा खास गरी समाजसेवी, स्वयंसेवक, आफन्त, व्यक्तिको खटाइ र व्यक्तिको लोकप्रियता हेरिँदो रहेछ । मर्दा पर्दा दुःख सुखमा कति आको छ भन्ने हेरिँदो रहेछ भने संसदीय चुनावमा पार्टी, राष्ट्रिय एजेन्डा, व्यक्तिको राष्ट्रिय प्रभाव र पहुँच हेरिँदो रहेछ ।

सिद्धान्ततः चुनाव भनेको लोकतन्त्र ठिक छ कि छैन भनेर जाँच्ने एउटा माध्यम हो । लोकतन्त्र नाङ्गो आँखाले देख्न सकिन्न तर निर्वाचनको तराजुमा राखेर जोख्न सकिन्छ । विदितै छ कि व्यवहारिक रुपमा हामी अहिले कस्तो निर्वाचन गरिरहेका छौं । वास्तवमा अहिलेको निर्वाचनले लोकतन्त्रलाई समृद्ध बनायो कि झन दरिद्र बनायो, चिन्ताको विषय हो ।

उसो त संसार भरको चुनावमा तिकडमबाजी हुँदैन होला भनेर कल्पना गर्न सक्दिन । किनभने राजनीतिको शास्त्रीय र आधुनिक दुवै परिभाषामा छलकपटलाई स्थान दिइएको छ । तर म यही तत्वलाई समस्या देख्छु । हामी सबैजना जबजको आधारभूत मान्यता लोकतन्त्र, कानुनी राज्य, मानवाधिकार मान्ने ठाउँमा आइपुगेका छौं ।

हामीले अभ्यास गरिरहेको आजको लोकतन्त्र यिनै दलहरूको ठुलो आन्दोलनबाट आएको हो । तसर्थ यसको जगेर्ना र विकास पनि यिनै दलहरुको हो । हामीले नै चुनावमा पारदर्शिता अपनाउनु पर्छ । म पछिल्लो दुइ दशक लगातार संसदीय चुनावमा उल्लेखनीय भूमिकामा छु । यस बिचमा मलाई महसुस भएको कुरा के हो भने चुनावले वास्तविक लोकतन्त्र दिन्छ त ? मलाई शंका छ । चुनावमा धेरै विकृतिहरु देखा परेको छ । जसरी पनि जित्नु पर्छ भन्ने मानसिकता नै मुख्य विकृति हो । यसले अरु विकृतिलाई निमन्त्रणा दिन्छ ।

जसरी पनि जित्ने भनेपछि साम दाम दण्ड भेदको नीतिमा लाग्ने भो उम्मेदवार । हामीले देख्यौ कि मान्छे शुन्य समयमा बोराको बोरा पैसा लिएर घर घर सुलसुले भै लागे । उम्मेदवारले मतदातालाई तत्काल प्रभाव पर्ने गरी राहत वितरण गरे, जिन्सी बाँडे, क्षणिक मागहरुमा आंशिक सहयोग गरे ।

उम्मेदवारहरुको चुनावी अभियान हेर्दा यस्तो लाग्छ कि हामी पार्टी र व्यक्ति होइन, सोझै पैसाको चुनाव गरिरहेका छौं । जबकि चुनाव जित्ने भनेको त मन जितेर हुने हो, न कि मत किनेर । चुनावमा योजना, कार्यक्रमहरुको प्रतिस्पर्धा हुनुपर्ने हो तर जसरी पनि चुनाव जित्नुपर्ने मनोविज्ञानले सोझै मत किन्ने ठाउँमा हाम्रो चुनाव आइसकेको छ ।

चुनावमा सुका पनि खर्च नहुन पर्ने हो तर यहाँ डलर, भारु र नेरुको खोलो बग्ने अवस्था छ । लोकतन्त्र बचाउन र आवधिक निर्वाचनको शुद्धता जोगाइराख्न पनि चुनावलाई पैसारहित बनाउनु पर्छ । शेरबहादुर देउवाले नै भनिसके कि चुनाव महँगो भयो । चुनाव भन्ने बित्तिकै पैसा सम्झेर नेताहरुलाई ज्वरो आउँछ । हामीले यस प्रकारको विकृति रोक्नुपर्छ । रोक्नका लागि आचारसंहिताको कडाइका साथ पालना गर्नुपर्छ । कसैले चाहेर पनि पैसा बाँड्ने, मतदातालाई अनुचित प्रभाव पार्ने अवस्था आउने दिनु हुन्न ।

उम्मेदवार एउटा योगीको अवतारमा उभिनुपर्छ । यसमा मैले युवा विद्यार्थीको भूमिका टड्कारो देख्छु । चुनावमा पैसाको प्रयोगले सक्षम, विचारवान, भिजनरी, नयाँ सोँच भएका युवालाई चुनाव लड्न आँट दिइरहेको छैन । किनभने युवासँग पैसा हुन्न । पैसा नहुनेले चुनाव जित्न सक्दैन भन्ने आमधारणा बनिसकेको छ । पैसाकै बलमा कतिपयले चुनाव क्षेत्र लालपुर्जा पास गरेर लिएजस्तो देखिन्छ ।

चुनावमा अर्को विकृति पनि छ । कर्मचारी र पुलिसले चुनाव एकदम प्रभावित पार्छन् । अहिलेको चुनावमा काँग्रेस नेता खुमबहादुर खड्काले भर्ती गरेका प्रहरी ठुलो ओहदामा गए, जो कांग्रेसलाई जिताउन प्रतिवद्ध भएर लागे । मैले आजसम्म कुनै पनि चुनावमा स्वतन्त्र कर्मचारी देखेको छैन ।

आफूले समर्थन गरेको पार्टीलाई छाप हानेको मतपत्र आउँदा कर्मचारी खुसी हुन्छ, नत्र निरास हुन्छ । पुलिसको रवैया हेर्दा यस्तो लाग्छ, उनीहरु कसैलाई जिताउन कसम खाएर लागेका छन् । चुनावको एक महिनाअघि नै इन्स्पेक्टर लैजाने, अधिकृत लैजाने सेटिङ भएर यसपालिको चुनाव सकिएको छ । निर्वाचनमा हुने बेथितिले कतिपय स्वतन्त्र मान्छेलाई कतै चुनाव नै गलत त होइन भन्ने परेको छ ।

विश्लेषक स्टेफन माइकसेल नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन भन्ने पुस्तकमा लेख्छन्, निर्वाचन अनेकौं माध्यमबाट नियन्त्रण गर्न सकिन्छ, जसमा यी कुराहरु पर्दछन्ः सूचना माथिको नियन्त्रण अथवा उम्मेदवारहरू तथा निर्वाचनको प्रकृतिसम्बन्धी कुसूचना, निर्वाचन संयन्त्र माथिको नियन्त्रण, निर्वाचन तथा मतगणनाको प्रक्रियामा बाधा, पुरै जालझेल गरेर तथा मतदाताहरूको केही खण्डलाई खास गरी श्रमिक वर्गका मतदातालाई तिनका आफ्ना हितको प्रवर्द्धन गर्न सक्ने गरी एकजुट हुन सक्ने गरी फुटाएर तथा अल्मल्याएर ।

चुनावका लागि पार्टीहरुले नै इमान्दारीता, योग्यता र पारदर्शिता जडित उम्मेदवारहरू उठाउनु पर्छ । कलङ्क, कुकर्म, नातावाद र अपराधले भरिएको उम्मेदवारलाई दलहरुले उठाउन हुँदैन । उठाएमा पनि जनताले हराउनुपर्छ । असल उम्मेदवारको विजयले नै लोकतन्त्र समृद्ध हुने हो । पारदर्शी चुनावका लागि चुनाव सम्पन्न गराउने निकायहरु तटस्थ हुनुपर्छ । रेफ्रीले पहिले नै फलानोको पक्षमा नतिजा दिनुपर्छ भन्ने सोचेर मैदान छिर्यो भने खेल पारदर्शी हुँदैन ।

स्वतन्त्र पर्यवेक्षक तथा नागरिक समाजले पारदर्शी चुनावको लागि खबरदारी गरिरहनु पर्छ । जसरी पनि जित्नुपर्छ भन्ने मानसिकता दलहरु, उम्मेदवारहरूले त्याग्नु पर्छ । सारा विकृति हटाएर चुनावलाई कम खर्चिलो, विवादरहित, निष्पक्ष, पारदर्शी र लोकतान्त्रिक बनाउन बरु दलहरु एकपटक हार्नुपर्छ भने पनि तयार हुनुपर्छ । गएको स्थानीय चुनावमा एकदम कम मत खसेको छ, बदर मत पनि घट्न सकेको छैन । जुन लोकतन्त्रका लागि झन् खतराको विषय हो । लेखक लामिछाने अनेरास्ववियुका वरिष्ठ उपाध्यक्षका साथै अधिवक्ता पनि हुन् ।

रातोपाटीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# राजविराजमा यातायात व्यवस्था सेवा कार्यालयको पुनस्थापना




**राजविराज**/मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव र अर्थमन्त्री शैलेन्द्र साहले एक कार्यक्रमबीच यातायात व्यवस्था सेवा कार्यालय सप्तरीको कार्यालय उद्घाटन गरेका छन् ।

सो कार्यालय पुनस्थापना भएपछि बि.स. २०५७ सालमा राजविराजमा रहेको यातायात कार्यालयललाई सिरहाको लहानमा सारिएपछि सप्तरीवासीलाई २२ वर्षदेखी सिरहाको लहान धाउनु पर्ने बाध्यताको अन्त समेत भएको छ ।

राजविराज ९ मा भाडाको घरमा कार्यालय संचालनमा आएपनि आवश्यक जग्गाको व्यवस्था हुनासाथ आफ्नै भवनमा कार्यालय संचालन तथा ट्रायल र लाइसेन्सको सेवा समेत यहीबाट उपलब्ध हुने कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका भौतिक पूर्वाधार तथा विकास मन्त्री यादवले बताए ।

उद्घाटन समारोहमा मधेश प्रदेशका अर्थमन्त्री साहले प्रदेश सरकारलाई सबै भन्दा बढी राजश्व दिने कार्यालय नै यातायात व्यवस्था सेवा कार्यालय रहेकोले यसलाई व्यवस्थित र यसको सेवा बिस्तार गर्न प्रदेश सरकार लागिपरेको बताए ।

नयाँ शाखाको रुपमा कार्यालय स्थापना भएपछि अब सवारीसाधनको लाइसेन्स र ट्राइल बाहेकका सबै सेवा उपलब्ध हुने यातायात व्यवस्था सेवा कार्यालय राजविराजका निमित्त कार्यालय प्रमुख शशीप्रसाद यादवले जानकारी दिएका छन् ।

मधेश प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव दिपककुमार दासको अध्यक्षतामा आयोजित कार्यालय उद्घाटन समारोहमा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, जिल्ला समनवय समितिका उपप्रमुख शम्भुप्रसाद यादव, राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव (हाल निलम्बित अवस्थामा रहेका), उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवाल, आदिवासी जनजाती महासंघ सप्तरीका अध्यक्ष अरुण प्रधान, माउन्ट सगरमाथा यातायात संघका संचालक सदस्य दिनेश गुप्ता, सगरमाथा ट्रक एशोसिएशनका अध्यक्ष जगदीश अर्याल लगायतले कार्यालय पुनस्थापना भएकोमा खुशी व्यक्त गर्दै कार्यालयबाट सरल र सहज ढंगबाट सेवा प्रदान हुनुपर्नेमा जोड दिएका थिए ।

# निर्वाचनको खर्च विवरण बुझाउन थप म्याद

**राजविराज**/निर्वाचन आयोगले खर्च विवरण नबुझाएकाहरुलाई सात दिनभित्र खर्च विवरण बुझाउन थप म्याद दिएको छ ।

गत बैशाख ३० गते सम्पन्न स्थानिय तह निर्वाचनका क्रममा उम्मेदवार बनेकाहरुलाई सो खर्च विवरण बुझाउन थप म्याद दिएको हो ।

सप्तरी जिल्ला निर्वाचन अधिकारी प्रदिप कुमार जोशीले पछिल्लो पटक भदौ १ गते सबै पालिकामा पत्राचार गरी उम्मेदवारी दिएका सबैलाई ७ दिन भित्र निर्वाचन खर्च बुझाउन पत्राचार गरिएको बताए ।

उनले बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा विभिन्न राजनीतिक दल र स्वतन्त्रका समेत गरी ५ हजार ५ सय ३५ जनाले विभिन्न पदमा उम्मेदवारी दिए पनी हाल सम्म ४ सय ८२ जना उम्मेदवारले मात्र खर्च विवरण बुझाएको जानकारी दिएका छन् । खर्च विवरण नबुझाउने उम्मेदवारको संख्या ५ हजार ५३ रहेको छ ।

निर्वाचनको प्रचार प्रसारका क्रममा भएको सम्पुर्ण खर्चको विवरण निर्वाचन आयोगको ऐनको अनुसची ३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको ३० दिन भित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनु पर्ने व्यवस्था छ । यसरी जरिवानाको कारवाही भएका ब्यक्ती अगामी निर्वाचनमा उम्मेदवार हुनबाट समेत बञ्चित हुने छन् ।

निर्वाचन आयोगले नगरपालिकाका प्रमुख/उपप्रमुखका उम्मेदवारले ४ लाख ५० हजार र गाउँपालिकाका प्रमुख/उपप्रमुखका उम्मेदवारले ३ लाख ५० हजार रुपैया खर्च गर्न पाउने गरी रकम निर्धारण गरेको छ ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा (२) मा कुनै राजनीतिक दल वा उम्मेदवारले दफा २५ को उपदफा (१) बमोजिम निर्वाचन खर्चको विवरण पेश नगरेमा वा त्यसरी पेश भएको विवरणमा सोही दफाको उपदफा २ बमोजिम लेखापरिक्षण हुदाँ लेखापरिक्षकको परिक्षणका आधारमा अस्वभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकुल हुने गरी खर्च देखिएमा आयोगले त्यस्तो उम्मेदवारलाई जरिवाना गर्न सक्ने व्यवस्था छ ।

यस अघि एक राष्ट्रिय दैनिक पत्रिकामा समेत सो बारे सुचना प्रकाशित गरी खर्च विवरण माग गरिएको उनले बताउँदै ती उम्मेदवारहरुले समयमै खर्च विवरण बुझाउन वेवास्ता गरेकाले पुन अन्तिम पटकका लागी ७ दिनको म्याद दिएर पत्राचार गरेको जानकारी दिए ।




डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## अन्तर्राष्ट्रिय समाचार

# विश्वभरी कोरोना संक्रमितको संख्यामा कमी, एसियामा मृतकको संख्या बृद्धि

**लण्डन**/कोरोना भाइरसबाट नयाँ सङ्क्रमितको सङ्ख्या विश्वभरी घट्दै गइरहेको देखिएको छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार विश्वभरी कोरोनाका कारण मृतकको सङ्ख्या पनि झण्डै छ प्रतिशतले कम भएको छ । तर एसियामा भने मृतकको सङ्ख्या बढेको सङ्गठनको तथ्याङ्कमा देखिइएको छ ।

गत हप्ता विश्वभरी ५४ लाख मानिस कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । यो सङ्ख्या अघिल्लो हप्ताको तुलनामा २४ प्रतिशत कम भएको जनाइएको छ । अफ्रिकामा ४० प्रतिशतका दरले नयाँ सङ्क्रमितको सङ्ख्यामा कमी आएको छ । युरोप र मध्यपूर्वमा पनि कम देखिएको सङ्गठनले जनाएको छ ।

पश्चिमी प्रशान्त र दक्षिण पूर्वीएसियामा भने मृतकको सङ्ख्यामा वृद्धि भएको छ । ती क्षेत्रमा क्रमश ३१ र १२ प्रतिशतका दरले मृतकको सङ्ख्यामा वृद्धि भएको देखिएको हो ।

विश्वभरी अझै पनि कोरोना भाइरसको असर बाँकी नै रहेकाले यसबाट बच्नका लागि अपनाउनु पर्ने उपाय अपाउन उत्तिकै आवश्यक रहेको डब्लुएचओका अधिकारीले जनाएका छन् ।

उनीहरुले खोप लगाउन, मास्कको प्रयोग गर्न, सामाजिक दुरी कायम गर्न, सङ्क्रमण भएमा कम्तीमा एक हप्ता छुट्टै बस्न सबैलाई अनुरोध गरेका छन् ।

कोरोना भाइरसको महामारी अन्त्य भइसकेको भन्ने नठान्न पनि उनीहरुले ध्यानाकर्षण गराएका छन् । एजेन्सी

# ट्विट गरेको आरोपमा साउदीमा एक महिलालाई चौतीस वर्षको जेल सजाय

**दुबई**/ट्विट गरेको आरोपमा साउदी अरबको एक अदालतले एकजना विद्यावारिधीका विद्यार्थीलाई चौंतीस वर्षको जेल सजाय सुनाएको छ ।

बेलायतको लिड्स विश्वविद्यालयमा विद्यावारिधीको अनुसन्धानमा जुटेकी सलमा अल-शेहाबलाई अफवाह फैलाउने र असन्तुष्टलाई रिट्विट गरेको आरोपमा ३४ वर्षको जेल सजाय सुनाइएको हो ।

साउदी अदालतको यो निर्णयबाट विश्वसमुदाय स्तब्ध भएको छ भने त्यसको विश्वव्यापीरूपमा निन्दा भएको छ । वासिङटनस्थित मानवअधिकार समूह फ्रिडम इनिसिएटिभका अनुसार बिदामा स्वदेशमा रहेकी उनलाई बेलायत फर्कने तयारीमा रहेका बेला गत वर्षको जनवरी १५ मा हिरासतमा राखेर साउदी प्रशासनले कारबाही थालेको थियो ।

एसोसिएटेड प्रेसले प्राप्त गरेको कानुनी कागजातले उनको मुद्दा अदालतमा पठाउनु अघि अल-शेहाबले न्यायाधीशलाई दुई सय ८५ दिनभन्दा बढी एकान्त कारावासमा राखिएको बताएकी थिइन् ।

फ्रिडम इनिसिएटिभले अल-शेहाबलाई साउदी अरबको शिया मुस्लिम अल्पसङ्ख्यकको सदस्यको रूपमा वर्णन गरेको छ जसले लामो समयदेखि सुन्नी-शासित राज्यमा व्यवस्थितरूपमा भेदभाव गरेको गुनासो गरेको छ ।

मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेशनलले अल-शेहाबको मुद्दालाई 'घोर अनुचित' र उनलाई सुनाइएको सजाय 'क्रुर एवम् गैरकानूनी' भएको भन्दै आलोचना गरेको छ ।

न्यायाधीशले अल-शेहाबलाई 'सार्वजनिक व्यवस्थामा गडबडी' र 'सामाजिक संरचनालाई अस्थिर' गरेको आरोप लगाएका छन् भने आधिकारिक आरोपपत्रमा पनि सामाजिक सञ्जालमा पोष्ट गरिएका उनका विषयवस्तुले झूटा अफवाह सम्प्रेषण गरेको दाबी गरिएको छ ।

उनले असन्तुष्ट व्यक्तिका खातालाई फलो र रिट्विट गरेको आरोप लगाइएको छ । दुई हजारभन्दा बढी फलोअर नभएको व्यक्तिगत खाताबाट जिज्ञासावस आफूले ट्विट र रिट्विट गर्नु र उनीहरूका दृष्टिकोढा नियाल्नु आतङ्वाद हो भन्ने आफूलाई नलागेको अपीलका क्रममा न्यायाधीशसमक्ष अल-शेहाबले बताएकी छन् ।

विशेष फौजदारी अदालतले उनलाई प्रतिआतङ्कवाद र साइबर अपराध कानुनअन्तर्गत ३४ वर्षको यात्रा प्रतिबन्धसहित ३४ वर्षको असाधारण कठोर सजाय सुनाएपछि उनले आफ्नो बचाउमा उक्त दलील पेश गरेकी हुन् । एजेन्सी

# मोगादिसुको हयात होटलमा आतङ्वादी आक्रमण : दशजना मारिए

**मोगादिसु**/यहाँस्थित हयात होटलमा आतङ्वादी समूह अल-शबाबले गरेको आक्रमणमा राजधानीको एक होटलमा बन्दुकधारीले आक्रमण गर्दा कम्तीमा १० जना मारिएका तथा कैयौं घाइते भएका छन् ।

घटनास्थलबाट बालबालिकासहितका अन्य धेरैलाई उद्धार गरिएको प्रहरी तथा प्रत्यक्षदर्शीले बताएका छन् । यद्यपि घटनाको विस्तृत विवरण आइसकेको छैन ।

हतियार बोकेका अल-शबाबका आक्रमणकारीले होटल भवनमा प्रवेश गर्नुअघि बाहिर विष्फोटसँगै आक्रमण सुरु गरेका थिए ।

शनिबार बिहान पनि बन्दुकको आवाज सुनिएको थियो । होटलमा लुकेका आक्रमणकारीलाई सुरक्षा फौजले नियन्त्रणमा लिने प्रयास गरेका भए पनि कतिजना आक्रमणकारी त्यहाँ छन् भन्ने स्पष्ट भएको छैन ।

इस्लामिक चरमपन्थी समूह अल-शबाबले आक्रमणको जिम्मेवारी लिएको छ । होटलको स्वागतकक्ष बाहिर भुइँमा आफूले धेरै शव देखेको उद्धार गरिएका एकजनाले बताएका छन् । आक्रमणमा मारिएकाको परिचय पनि खुलाइएको छैन । एजेन्सी

# नुहाउने तथा पंखा चलाउने क्रममा करेन्ट लागेर किशोर किशोरीको मृत्यु

**राजविराज**/विद्युतीय मोटर जडान गरिएको ट्युवेलमा नुहाउँदै गरेको अवस्था शनिबार दिउँसो करेन्ट लागेर एक किशोरीको ज्यान गएको छ ।

पानी तान्ने मोटर जडान भएको ट्युवेलमा करेन्ट लागेर सप्तरीको खडक नगरपालिका ११ लालपुरकी १६ वर्षिया कमलाकुमारी रामको ज्यान गएको हो ।

नुहाउने क्रममा अचानक मोटरमा लिक भएको करेन्टको झट्का लागेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याई पुऱ्याएको प्रहरीले जनाएको छ ।

यसअघि बिहीबार जिल्लाको बोदेबर्साइन नगरपालिका ३ वस्ने १८ वर्षिय राम नरेश यादवको आफ्नै घरको टेवल पंखामा करेन्ट लागेर मृत्यु भएको थियो ।

प्रहरीका अनुसार पंखा चलाउने क्रममा करेन्ट लागेर गम्भीर घाईते भएका उनलाई उपचारका लागी राजविराजस्थित छिन्नमस्ता अस्पताल पुऱ्याउदा चिकित्सकले मृत घोषित गरेका थिए ।

विद्युतीय उपकरणको प्रयोग सावधानीपूर्वक नगर्दा गत आ.ब. २०७८/७९ मा जिल्लामा १२ जनाको ज्यान गएको थियो । चालु आ.ब.को एक महिना ४ दिनमै करेन्ट लागेर ६ जनाले ज्यान गुमाइसकेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

# बाढीले बगाएका वेवारिसे शव फेला

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ८ तोपास्थित नहरमा शनिबार दिउँसो एक वेवारिसे शव फेला परेको छ ।

नहरमा बगाएर ल्याएको अवस्थामा करिब ५०/५५ वर्षका पहाडी मूलका पुरुषको शव फेला परेको प्रहरी उपरिक्षक अविनारायण काफ्लेले बताए ।

पहाडी क्षेत्रमा भएको वर्षासँगै आएको बाढीले बगाएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ । मृतकको पहिचानको लागि आसपासका जिल्लामा समेत हुलिया विवरण पठाई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

शव निकालेर पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल ल्याई घटना बारे अनुसन्धान भइहरेको उनको भनाई छ ।

# पोखरीमा डुबेर बालकको मृत्यु

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिकामा एक बालकको पोखरीमा डुबेर ज्यान गएको छ ।

सो गाउँपालिका वडा नं. ४ बेल्हीस्थित पूर्णी पोखरीमा डुबेर स्थानिय बिरेन्द्र कुमार मण्डलको १३ वर्षिय छोरा राजा मण्डलको ज्यान गएको हो ।

बुधबार दिउँसो तीन/चार जनाको बालबालिकाको समूहमा गर्मी छल्न पोखरीमा नुहाउन गएको बेला एक्कासी राजा पोखरीमा डुबेको स्थानियहरुले बताएका छन् ।

सो घटना पश्चात् स्थानियहरुले प्रहरीलाई खबर गरेका थिए । प्रहरी घटनास्थल पुगेपछि कानुन अनुसार मुचुल्का उठाएर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## दुर्घटनामा परेकी महिलाको उपचारका क्रममा मृत्यु

**राजविराज**/एक हप्ता अघि मोटरसाईकल दुर्घटनामा परी गम्भीर घाईते भएकी एक महिलाको राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा विहीवार राती उपचारको क्रममा मृत्यु भएको छ ।

राजविराज वडा नं. ९ मलेठ निवासी ४० वर्षिया अनुराधा मेहता सवार मोटरसाइकल गत साउन २७ गते हनुमाननगर कंकालिनी नगरपालिका ५ जोगिनीयास्थित बाँधको बाटोमा दुर्घटनामा परेको थियो ।

## *सामाजिक संजालमार्फत ...*

सम्भावित उम्मेदवारको नाम अघि सारेर जनमत बुझ्ने काम सुरु भएको छ ।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य दिनेश कुमार यादवले गठबन्धनको साझा उम्मेदवार बनाउने वा शक्ति सन्तुलनको आधारमा एकला एक्लै लड्ने भन्ने दुवै विषयमा पार्टी भित्र गम्भिर छलफल बताएका छन् ।

उनले हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेस सर्वाधिक ५ पालिका जितेर जिल्लामा पहिलो पार्टी बनेकोले आगामी निर्वाचनमा काँग्रेसले सिट बाडफाँडमा सम्मानजनक स्थान पाउनुपर्ने जिकिर गरे ।

लोसपाका जिल्ला अध्यक्ष सुनिल कुमार झाले नेता र कार्यकर्ताबीच भित्र भित्रै उम्मेदवारीका लागि दौडधुप सुरु गरिसकेको बताए । उनले फेसबुकमार्फत उम्मेदवारी घोषणा गरेर मात्र नहुने जिकिर गर्दै धरातलमा बसेर काम गर्ने र योग्य तथा सक्षम व्यक्तिले टिकट पाउने बताएका छन् ।

जसपाका राजनीतिक समितिका सदस्य अमरनाथ मण्डलले आकांक्षीहरुको निकै दौडधुप बढेको भएपनि अहिले टुगो लागी नसकेको र गहन छलफल भइरहेको बताए । उनले जसपा अध्यक्ष उपेन्द्र यादव सप्तरीको २ नं. क्षेत्रबाटै पुनः प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दोहऱ्याउने लगभग निश्चित रहेको बताएका छन् ।

जिल्लामा प्रतिनिधिसभाका ४ र प्रदेशसभाका ८ गरी १२ पदका लागि निर्वाचन हुनेछ । जिल्लामा आगामी मंसिर ४ मा हुने निर्वाचनमा नयाँ थपिएको ९ हजार १ सय १४ सहित कुल ४ लाख २१ हजार ५ सय ५९ मतदाता छन् ।

जसमध्ये पुरुष २ लाख १८ हजार ७ सय ३१, महिला २ लाख २ हजार ८ सय ७ र अन्य २१ जना छन् । यसैबीच निर्वाचन कार्यालयले प्रदेश र प्रतिनिधि सभाको निर्वाचनलाई ध्यानमा राखेर मतदाता नामावली अधावधिक र दावी विरोध प्रक्रिया भाद्र १२ गते देखि प्रारम्भ गर्ने भएको छ । जिल्ला निर्वाचन कार्यालयका प्रमुख प्रदिप कुमार जोशीका अनुसार भदो १२ देखि भदो १९ सम्म मतदाता नामावली अधावधिक (दावी विरोध समेत)को कार्यक्रम संचालन हुनेछ । मतदाता नामावली अधावधिक कार्यक्रम सम्पन्न भएपश्चात भाद्र ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन गरिने जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# भावपूर्ण श्रद्धाञ्जली



**जन्म मिति**
बि. सं. २०३७/८/६

**स्वार्गारोहण**
बि. सं. २०७९/०५/०२

**स्व. अनुराधा मेहता**

यस संस्थाका शेयर सदस्य राजविराज वडा नं. ९ मलेठ निवासी मृदुभासी, अति मिलनसार श्रीमती अनुराधा मेहताको मोटरसाईकल दुर्घटनामा परी निधन भएकोले हामी स्तब्ध भएका छौं । मृत आत्माको चिरशान्तिको काममा गर्दै निजका श्रीमान बिजय मेहता लगायत शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जनज्योती कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी

## सूचना । सूचना ॥ सूचना ॥।

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

कोभिड-१९ को जोखिम कम गर्ने उपायहरु
➢सही तरिकाले मास्क लगाऔं।
➢कम्तिमा २ मिटरको दुरी कायम गरौं।
➢साबुनपानीले नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
➢हावा ओहोरदोहोर हुने स्थानमा बसौं।
➢अरुको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं।
➢कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं।
संक्रमण हुनबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*